कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

बैठक संख्या : १८३
मिति : २०८२।१०।२९, बिहिबार
समय : बिहानको ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया ह्यायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

**मिति २०८२ माघ २९ गते बसेको १८३ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १: कर्मचारी म्याद थप सम्बन्धमा।**

**निर्णयः** यस कमलामाई नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा हाल कार्यरत अस्थायी, करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीको पौष मसान्तमा म्याद समाप्त भएकाले माघ १ गते देखि लागू हुने गरी २०८३ असार मसान्तसम्म ६ महिनाका लागि सेवा निरन्तरता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: कानूनी सल्लाहकार / कानूनी अधिकृत सम्बन्धमा।**

**निर्णयः** यस कमलामाई नगरपालिकामा कानूनी सल्लाहकार / कानून अधिकृतका रुपमा कार्य गर्दै आएका टंक विक्रम थापालाई माघ १ गतेबाट लागू हुने गरी सेवा परामर्शदाता (अधिकृत छैठौं) को रुपमा २०८३ असार मसान्तसम्म सेवा सुविधा पाउने गरी सेवा खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: सिटी हलको भाडा/व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा।**

**निर्णयः** राजश्व परामर्श समिति तथा विधायन समितिबाट निर्णय भई स्वीकृतीका लागि पेश भएको सिटी हलको भाडा / व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: वन रोयल्टी आय र भैपरी आउँने खर्च शीर्षकका सम्बन्धमा।**

**निर्णयः** स्थानीय तहमा लागू गरिएको सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र-SuTRA) सफ्टवेअरमा आर्थिक वर्ष २०८२/८३ मा जिल्ला वन कार्यालयबाट प्राप्त हुने बन रोयल्टी रकमलाई आन्तरिक श्रोतको रुपमा राख्नुपर्नेमा स्थानीय राजश्व बाँडफाँडमा श्रोत कायम हन गएकाले उक्त वन रोयल्टी वापत प्राप्त हुने रकमलाई आन्तरिक श्रोतमा हिसाब मिलान गर्न र पालिकाले भैपरी आउने खर्च शीर्षकमा बजेट विनियोजन गर्दा भएको शीर्षक नं. २८९११ लाई खर्च शीर्षक नं २२५२९ मा कायम गरी कार्य गर्न कार्यालयलाई स्वीकृत दिने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. ५: अवकास पछिको सेवा सुविधा मुक्तानी सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाको नगरसभाको १३ औं अधिवेशनको निर्णय अनुसार यस पालिकामा स्थायी नियुक्ति पाई अविछिन्न सेवा गरी अवकाश हुने कर्मचारीको हकमा भएको निर्णय अनुसार बागमती प्रदेशबाट जारी गरिएको स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ मा व्यवस्था गरिएको उपदान व्यवस्था, उपचार खर्च, घर विदा र विरामी विदा सञ्चित बापत पाउने रकमका लागि यस कार्यालयमा कार्यरत प्रशासन सेवाका सहायक पांचौ श्री रामराज देवकोटा उमेर हदका कारणले अनिवार्य अवकास नै निवेदन कार्यलयमा पेश भएको र निज कर्मचारी मितिः २०६४/१/२८ गते बाट स्थायी नियुक्ति पाई मितिः २०८२/०८/१२ सम्म सेवा गरेको कार्यालयको विवरण अनुसार पालिकाको कर्मचारी कल्याण कोषमा भएको रकमबाट नियम अनुसार भुक्तानी दिने कार्यका लागि स्वीकृत दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: बर्देउटार-देवीथान-थाक्ले-निगुरे खोला कल्भर्ट निर्माण सम्बन्धमा ।**

**निर्णयः** यस नगरपालिकाको १६ औं नगरसभाबाट स्वीकृत नगरपालिकाको प्राथमिकता प्राप्त योजना तर्फ बर्देउटार-देवीथान-थाक्ले-निगुरे खोला कल्भर्ट निर्माणको लागि विनियोजित रकमबाट ठेक्का व्यवस्थापन प्रकृया अगाडी बढाइ सम्झौताको चरणमा रहेको अवस्थामा स्थानीय उपभोक्ताहरुको भेलाको निर्णय सहित ७ नं. वडा कार्यालयबाट कल्भर्ट निर्माण नगर्न भनी सिफारिस भई आए अनुसार उक्त ठेक्का प्रकृया रद्ध गरी उक्त रकमबाट माटो परिक्षण सहित विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने र बाँकी रकमबाट सोही सडक खण्डमा अन्य पूर्वाधार निर्माण कार्य गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** आर्थिक विकास समितिको मिति २०८२ श्रावण २१ गते देखि २०८२ पौष २४ गतेसम्म भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख